नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ११९ २०८० साल मंसिर २२ गते शुक्रबार (8 Dec. 2023 Friday) मूल्य रु. ५/-

**डेँगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय सरकारका ... ३ पृष्ठमा : रोकिएन महिला माथिको शृङ्खलाबद्ध ... ३ पृष्ठमाजापानका प्रधानमन्त्री किशिदाले...

# जसपा सप्तरीको संस्थापन र असन्तुष्ट दुबै पक्षका अध्यक्षद्वारा आफू नै आधिकारिक रहेको दाबी



संस्थापन पक्षका जिल्ला अध्यक्ष केदार प्रसाद यादव






असन्तुष्ट पक्षका जिल्ला अध्यक्ष उमेश प्रसाद यादव

**नवीनकुमार गुप्ता**
**राजविराज, २१ मंसिर ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीमा आन्तरिक विवाद चर्किदै गएपछि पार्टीका नेता कार्यकर्ता स्पष्ट रुपमा दुई खेमामा विभाजित भएका छन् ।

एक पक्षको नेतृत्व संस्थापन पक्षका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले गरिरहेका छन् भने अर्को पक्षको नेतृत्व असन्तुष्ट पक्षका जिल्ला अध्यक्ष उमेश प्रसाद यादवले गरिरहेका छन् ।

असन्तुष्ट पक्षको भेलाद्वारा गठित उमेश प्रसाद यादव नेतृत्वको समूहद्वारा धमाधम जिल्लाको सबै पालिकामा विभिन्न तहको समितिहरु गठन भइरहेको छ भने संस्थापन पक्षका अध्यक्ष केदार यादवद्वारा पनि कारबाहीसँगै विभिन्न पुरानो कमिटीहरुमा नयाँ नेतृत्व चयन गर्ने काम चलिरहेको छ ।

जसकारण एकातिर स्थानिय नेता कार्यकर्ताहरु दुई खेमा विभाजित भएका छन् भने कुनै खेमामा नलागेका केही नेता कार्यकर्ताहरु भने रमिते बनेका छन् । ती नेताहरुले जसपाको आन्तरिक असन्तुष्टि समाधानका लागि माथिल्लो समितिलाई अग्रसरता देखाउनुपर्ने धारणा राखेका छन् ।

उमेश प्रसाद यादवको पक्षमा खुलेरै पार्टीका कार्यकारणी सदस्य एवं पूर्वमन्त्री रेणु यादव, राजनीतिक समिति सदस्य एवं प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्र प्रसाद साह, बिनोद चौधरी, केन्द्रिय सदस्यहरु दिपक यादव, जगदेव यादव, शैलेन्द्र मोहन झा, मधेश प्रदेशका पूर्वउपाध्यक्ष शम्भु झा, बालनबिहुल गाउँपालिकाका पूर्वअध्यक्ष दयानन्द गोइत, पूर्वसांसद डा. सूर्यनारायण यादव, समाजवादी यूवा संघका जिल्ला अध्यक्ष शिवम यादव, यूवा नेता निरज मुक्ति, सत्यनारायण यादव, मो. शबिर, निलेश झा, दयानन्द गोइत, भिमराज यादवलगायतका नेताहरुले साथ दिइरहेका छन् ।

पूर्वमन्त्री रेणु यादवले पार्टी भित्र आन्तरिक प्रजातन्त्र कायम गर्न तथा पार्टीको गिरदो साखलाई जोगाउन आफूहरु बिद्रोहमा उत्रेको बताएकी छिन् । आफूहरुको बिद्रोह नेतृत्वमा देखिएको तानाशाही प्रवृती तथा पार्टीलाई जिवन्तता प्रदान गर्नका लागि भएको उनको भनाई छ ।

जिल्लादेखी केन्द्रमा नेतृत्व गर्नेहरुले लोकतान्त्रिक विधी त्यागेर मनोमानी र एकलौटी ढंगले हिड्दा पार्टीको जनाधार कमजोर बन्दै गएको तथा कार्यकर्ता र समर्थकमा नैराश्यता बढ्दै गएको उनले बताईन् । पार्टीमा आमूल परिवर्तनको आवश्यकता रहेको औल्याउँदै उनले अब नयाँ ढंगले अघि बढ्ने बताएकी छिन् ।

यसैबीच चार दिन अघि मात्र असन्तुष्ट पक्षका अध्यक्ष उमेश यादव नेतृत्वको जिल्ला कार्यसमितिले विभागीय प्रमुख, जिल्ला तथा पालिकामा इन्चार्ज तोकिएको छ ।

युवा विद्यार्थी बिभागको प्रमुखको निरज मुक्तीलाई र महिला बिभागमा गुलजारी देवी यादव जिम्मेवारी दिएको छ । त्यस्तै शिक्षक तथा बुद्धिजीवि विभाग प्रमुखमा दयानन्द गोइत, प्रचार प्रसार विभाग तथा प्रवक्तामा निलेश कुमार झा, आर्थिक विभागमा सुचिता कुमारी यादवलाई जिम्मेवारी दिइएको छ ।

यसैगरि पालिका तर्फ हनुमाननगर कंकालिनी नगरपालिकामा उपेन्द्र मंडल, तिरहुत गाउँपालिकामा जय प्रकाश यादव, महदेवा गाउँपालिकामा अभिनव यादव, तिलाठी कोइलाडी गाउँपालिमा सुचिता कुमारी यादव, राजविराज नगरपालिकामा गुलाब यादव, छिन्नमस्ता गाउँपालिकामा ब्रम्हदेव साहलाई इन्चार्जको जिम्मेवारी तोकिएको छ ।

यस्तै विष्णुपुर गाउँपालिकामा रामेश्वर यादव, राजगढ़ गाउँपालिकामा संतोष मंडल, डाक्नेश्वरी नगरपालिकामा बिजली यादव, शम्भुनाथ नगरपालिकामा धनराज मंडल, खड्क नगरपालिकामा भोला साह, बोदेबरसाइन नगरपालिकामा घुरन कुमार यादव, बलान विहुल गाउँपालिकामा मुखलाल यादव, रुपनी गाउँपालिकामा विरेन्द्र चौधरी, कंचनरुप नगरपालिकामा निलेश कुमार झा, सप्तकोशी नगरपालिकामा संजय मिश्र, सुरुङ्गा नगरपालिकामा दयानन्द गोइत तथा अग्निसाइर कृष्णासवरण गाउँपालिकामा बिन्देश्वर राउतलाई इन्चार्जको जिम्मेवारी दिइएको छ ।

संस्थापन पक्षका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले असन्तुष्ट पक्षका कुनै पनि गतिविधीमा नलाग्न नेता कार्यकर्तालाई आग्रह गरेका छन् । उनले भने, "आफूहरुसँग नै जसपा सप्तरीको आधिकारिता रहेको छ, पार्टीको विधान र पद्धती विपरीत भएको असन्तुष्ट पक्षको भेलाबाट स्वघोषित पदाधिकारी अवैधानिक हुन् ।"

"जिल्ला समितिमा आफूहरु निर्वाचित भएर आएकोले यसलाई कसैले पनि अनाधिकारीक भन्न मिल्दैन् ।" उनले भने, "पार्टीको विधान, परिपत्र र पद्धती विपरीत भेला गरी गठन गरिएको समिति अवैधानिक हो, पुरानो जिल्ला कार्यसमितिका ४८ मध्ये ४५ जना यतै रहेकाले हाम्रो समिति नै अधिकारिक र वैधानिक होयस् ।"


संस्थापन पक्षमा पार्टीका कार्यकारणी सदस्य एवं राष्ट्रिय सभासदस्य मृगेन्द्र कुमार सिंह यादव, कार्यकारणी सदस्य एवं प्रतिनिधिसभा सदस्य नवलकिशोर साह, कार्यकारणी सदस्य एवं प्रदेशसभा सदस्य मनिष सुमन लगायतका नेताहरु उभिएका छन् ।

यसैबीच संस्थापन पक्षले भातृसंगठन समाजवादी युवा संघ सप्तरीको बिस्तारीत भेलाबाट केदार प्रसाद यादवको अध्यक्षतामा ३१ सदस्य समाजवादी युवा संघ सप्तरी जिल्ला कार्यसमिति गठन गरेको छ ।

यता पार्टीका मधेश प्रदेश अध्यक्ष रामबाबु कुमार यादवको अध्यक्षतामा बसेको प्रदेश बैठकले सप्तरीमा केदार प्रसाद यादव र पर्सामा रामनरेश यादव अध्यक्ष रहेकोले पूर्वाग्रही र विधान विपरीत गठित समितिहरुले कार्यकर्तामा भ्रम मात्र छर्ने काम गरेको निर्णय गरेको छ ।

जसपा मधेश प्रदेश समितिका

***बाँकी अन्तिम पृष्ठमा***



सहभागिता, सुशासन, सामाजिक न्याय र समाजवाद ।

जनता समाजवादी पार्टी, नेपाल
PEOPLE'S SOCIALIST PARTY, NEPAL
मधेश प्रदेश समिति, जनकपुरधाम

पत्र सं. :
च.नं. :

**प्रेस विज्ञप्ती**

जनता समाजवादी पार्टी, नेपाल मधेश प्रदेश कार्यकारिणी समितिको बैठक मिति २०८०-०६-१६, २०८०-०८-१३ र २०८०-०८-१७ गते समितिका अध्यक्ष श्री रामबाबु कुमार यादवको अध्यक्षतामा जनकपुरमा बसेको बैठकद्वारा निम्न अनुसारका निर्णयहरु गरियो ।

निर्णयहरु :

१. विगत केही दिन देखि सप्तरी र पर्सा जिल्लामा पार्टीका केही नेताहरुको प्रत्यक्ष संलग्नतामा पार्टी विधान २०८० विपरीत समानान्तर समिति गठन प्रकरणको बैठकले गम्भीरता पूर्वक लिएको छ । सप्तरीमा श्री केदार प्रसाद यादव र पर्सामा श्री राम नरेश यादव अध्यक्ष रहेको [illegible] जिल्ला समिति [illegible] पूर्वाग्रही र विधान विपरीत गठित समितिहरुले कार्यकर्तामा भ्रम मात्र छर्ने कार्य गरेको छ । औचित्यहिन, हल्ला फिजाईएका कथित समानान्तर समितिका गतिविधीमा नलाग्न यो बैठक सबैमा आग्रह गर्दछ ।

२. सप्तरी र पर्सा जिल्लामा गुनासो व्यक्त गर्दै आएका नेता कार्यकर्ताहरुको मनोभावना बुझी, विधानको अधिनमा रही पार्टीको काम कर्तव्य गर्न गराउन, आग्रह गर्ने तथा विद्यमान समस्याहरुको छलफल गर्न मधेश प्रदेश समितिका अध्यक्ष श्री रामबाबु कुमार यादवको संयोजकत्वमा कार्यदल गठन गरिएको छ ।

३. जसपा नेपाल मधेश प्रदेश समिति द्वारा सञ्चालित संगठन विस्तार अभियान २०८० लाई निरन्तर रुपमा सक्रियताका साथ अगाडि बढाउन, सदस्यता वितरण अभियान, संगठित पार्टी सदस्य नविकरण तथा अद्यावधिक गर्न र जिल्लाहरुमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न मातहत समितिलाई परिचालन गर्ने निर्णय गरिएको छ ।

जय मधेश, जय मातृभुमी ।

(दिनेश कुमार [illegible])
मुख्य सचिव

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सेवाको भावनासँगै आजैबाट प्रयास थालौं

मौसम परिवर्तनसँगै विस्तारै चिसो बढ्न थालेको अनुभूति हुन थालेको छ । जाडो याममा खासगरी वृद्धवृद्धा, बालबालिका, दीर्घरोगी र गरीब विपन्न वर्गका व्यक्तिहरु अपेक्षाकृत बढी प्रभावित हुने गर्दछन् । तराई मधेशमा जाडो याममा लाग्ने गरेको हुस्सु र कुहिरोका कारण वर्षेनी कतिपयले ज्यान गुमाउनु परेको तथ्याङ्क समेत रहेको छ । यस्ता वर्गहरुका लागि चिसो बढ्नु अगावै नै चिसोबाट बच्ने उपायका लागि सम्बन्धित निकाय र पालिकाहरु सचेत हुन आवश्यक छ । समस्या झन् ग्रामिण स्तरमा बढ्ने गर्दछ । जहाँ खुल्ला ठाउँ बढी हुने, कच्ची घर हुने र पर्याप्त न्यानो लुगाका अभावमा गरीब तथा विपन्न वर्ग यसको शिकार बढी हुने गरेका छन् ।

दैवी प्रकोप उद्धार समितिले चिसो बढ्नु अगावै सप्तरीका १८ वटै पालिकाहरुसँग समन्वय गरी दाउरा, कम्बल आदिको व्यवस्थासँगै एम्बुलेन्सलाई तयारी अवस्थामा राख्नु पर्ने हुन्छ । गरीबी र अभावमा जीवन विताइरहेकाहरुको जीवन यस जाडोयाममा झन् कष्टकर हुने गर्दछ । उनीहरुको स्वास्थ्य रक्षा गर्नु सम्बन्धित निकाय र खासगरी पालिकाहरुको कर्त्तव्य हो । जाडो बढ्नु अगावै पालिकाहरुले यस्ता वर्गको जो जाडोबाट बढी प्रभावित हुने गर्दछन्, को तथ्याङ्क संकलन गनी उनीहरुलाई पुर्याउनु पर्ने सेवा तत्कालै पुऱ्याई चिसोको जोखिमलाई कम गर्न सकिन्छ । कतिपय वृद्धवृद्धाहरु जाडोयाममा हाइपोथर्मियाको समेत शिकार हुने गर्दछन् ।

पालिकाहरुले सम्बन्धित सहयोगी हातहरुसँगको हातेमालोमा जाडो बढ्नु अगावै जाडोका भयावह स्थितिबाट गरीब, विपन्न र वृद्धवृद्धा सहितका वर्गलाई जोगाउन आजैबाट प्रयास थाल्नु अपरिहार्य हुनेछ ।

# स्थानीय सरकारका असल अभ्यास

कृष्णहरि बास्कोटा

काठमाडौं, २१ मङ्सिर (रासस) ।

हरेक सिक्काको दुई पाटा हुन्छ भने झैं सङ्घीय शासन प्रणालीमा उदाएका सात सय ५३ पालिकाले विगत सात वर्षमा थुप्रै राम्रा काम पनि गरेका छन् । यस आलेखमा अन्य पालिकाका लागि अनुसरण गर्न मिल्ने केही प्रमुख अभ्यासको चर्चा गर्ने जमर्को गरिएको छ ।

**कृषि सुधार**

नेपाल कृषि प्रधान देश हो । यसर्थ, नेपालका पालिकाहरुले खाद्यान्न, हरियो तरकार, फलफूल, माछा, मासु र दूधमा आत्मनिर्भर हुने प्रयास गरेका छन् । केही पालिकाले 'एक वडा एक उत्पादन' अभियान सञ्चालन गरेका छन् भने केहीले कृषिमा यान्त्रिकीकरण भित्र्याउन आलुको डयाङ बनाउने मेसिन, धान काट्ने रिपर, पावर टिलर, मिनिट्याक्टरजस्ता उपकरणमा कम्तिमा ५० प्रतिशत अनुदान दिएका छन् ।

केही पालिकाले कृषिको सम्भाव्यता अध्ययन गराएका छन् भने केहीले माटो परीक्षण गरेका छन् । कुनै पालिकाले 'एक घर एक टनेल' कार्यक्रम सञ्चालन गरेका छन्, कुनैले कृषि उब्जनीलाई जङ्गली जनावर, बाँदर, किरा आदिबाट जोगाउन बजेट छुट्याएका छन् । केही पालिकाले बाँदरलाई कोकामा हालेका छन् भने केहीले बन्दुक पड्काएर भगाएका छन् । कुनै पालिकाले बाँदरले नखाने खेती आरम्भ गरेका छन् ।

यसैगरी, केही पालिकाले फलफूलको विकासका लागि स्याउ, अनार, लिची, ओखरलगायतका विरुवा वितरण गरेका छन् भने केही पालिकाहरुले आफ्नै नर्सरी स्थापना गरेका छन् । केहीले आलु, अलैंची, किवी, लसुन, भटमास, सिमी, स्याउ, सुन्तला, कोदो, फापर, मार्सी धान, गाईपालन, बाखापालन, भैंसीपालन, मौरीपालन, दूध उत्पादन वृद्धि आदिको क्षेत्र बनाएका छन् भने केहीले समर्थन मूल्यमा कृषि उत्पादन खरिद गर्न थालेका छन् । केही पालिकाले बीउमा अनुदान दिएका छन् भने कतिपयले सुन्तला महोत्सव गरी स्थानीय उत्पादनको बजार खोजी गरेका छन् ।

केही पालिकाले बाँझो जमीन राख्न निषेध गरेका छन् भने केहीले भूमि बैंकको अवधारणा कार्यान्वनमा ल्याएका छन् । केही पालिकाले सहकारीका सुपथ मूल्य पसल एवं सहकारी एग्रोभेट सञ्चालन गर्न अनुदान दिएका छन् भने केहीले सहकारी र सामूहिक खेती अभियान आरम्भ गरेका छन् । केही पालिकाले हरेक वडामा कृषि र पशु स्वास्थ्य प्राविधिक खटाएका छन् भने केहीले कृषि विषयको पढाइ आरम्भ गरेका छन् ।

**पशुपालन विकास**

केही पालिकाले नश्ल सुधार कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले कोरियाली वाच्छी वितरण गरेका छन् । केहीले सुत्केरी गाई र भैंसीलाई भत्ता दिन प्रारम्भ गरेका छन् भने केहीले गाईबस्तुको जन्म, बसाई-सराई र मृत्यु दर्ता तथा गाई गोरु जन्म दर्ता गर्न एप्स तयार गरेका छन् । केहीले छाडा गाईबस्तु नियन्त्रण गरी गौशाला सञ्चालन गरेका छन् भने केहीले पशु बीमा गर्न लाग्ने आधा रकम अनुदान दिएका छन् ।

केही पालिकाले दूध, घ्यू, छुर्पी र चिजको उत्पादन बढाउन याक वितरण गरेका छन् भने केहीले महिलाको आय बृद्धि गर्न बाखा वा कुखुरा वितरण आरम्भ गरेका छन् । कसैले सुङ्गुरका पाठा अनुदानमा वितरण गरेका छन् भने केहीले ब्याडे बोको खरिद गरी पालिकामा ल्याएका छन् । केही पालिकाले गोठालो भत्ता दिएका छन् भने केहीले बेमौसमी घाँसका लागि साइलेस प्रविधि भित्र्याएका छन् ।

**शिक्षामा सुधार**

केही पालिका शिक्षाको गुणस्तर सुधारमा लागिपरेका छन् भने केहीले सामुदायिक स्कूललाई नमुना तुल्याएका छन् । केहीले पोलिटेक्निकल इन्स्टिच्युट स्थापना गरेका छन् केहीले साइन्स ल्याब खडा गरेका छन् । केहीपालिकाले स्कूलमा इ-हाजिरी र सिसी क्यामेराद्वारा निगरानी बढाएका छन् भने केहीले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरेका छन् । केही पालिकाले सबै प्रधानाध्यापकलाई परीक्षाको माध्यमबाट नियुक्ति गरेका छन् भने केहीले 'कमाउ र सिक' कार्यक्रम सञ्चालन गरेका छन् ।

केही पालिकाले विद्यार्थीलाई स्वीटर, ड्रेस, साइकल दिएका छन् भने केहीले सबै विद्यार्थीलाई दिवा खाजा खुवाएका छन् । केही पालिकाले वर्षेनी विद्यार्थीको स्वास्थ्य परीक्षण गराएका छन् भने केहीले विद्यार्थीको बैंक खाता अनिवार्य गरेका छन् । केही पालिकाले उत्कृष्ट अङ्क ल्याउनेलाई डाक्टर पढाएका छन् भने केहीले इन्जिनीयर पढ्न अनुदान दिएका छन् । केहीले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा पूर्णरुपमा प्रदान गरेको घोषणा गरेका छन् भने केहीले पूर्ण साक्षर पालिका घोषणा गरेका छन् ।

अधिकांश पालिकाले स्थानीय पाठ्यक्रम लागू गरेका छन् भने कैयौंले स्कूलमा कम्प्यूटर र इन्टरनेट जडान गरी सूचना प्रविधि कक्षा सञ्चालन थालेका छन् । केहीले पालिकाले सबै स्कूलका विद्यार्थीको एउटै पोषाक घोषणा गरेका छन् भने केहीले विद्यालयमा इ-लाइब्रेरी, प्राविधिक शिक्षा, प्रयोगशाला आदिको व्यवस्था गरेका छन् । केही पालिकाले सम्पूर्ण खर्चसहितको आवासीय विद्यालय सञ्चालन गरेका छन् भने केहीले विद्यालयमा प्राविधिक शाखा खडा गरेका छन् । केही पालिकाले स्कूललाई बजारबाट खरिद गरेको उपहार वितरणमा रोक लगाएका छन् भने केहीले विद्यालयमा पत्रु खाना ल्याउन निषेध गरेका छन् ।

**स्वास्थ्य सेवा**

पछिल्ला दिनमा अधिकांश पालिकाहरुले अस्पताल वा स्वास्थ्य चौकी सञ्चालनमा ल्याएका छन् । अधिकांश पालिकामा एमबिबिएस डाक्टर पुगेका छन् । केही पालिकाले घरघरमै गएर स्वास्थ्य परीक्षण गरिरहेका छन् भने केहीले वडास्तरमा स्वास्थ्य केन्द्र खडा गरेका छन् । केही पालिकाले चौबिसै घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन् भने केहीले सबै वडामा बर्थिङ सेण्टर सञ्चालनमा ल्याएका छन् । केही पालिकाले डाक्टर, नर्स र अहेबलगायतको अध्ययनमा विशेष छात्रवृत्ति दिएका छन् भने केहीले स्वास्थ्य शिविर सञ्चालन गरिआएका छन् ।

**सुशासन प्रवर्द्धन**

प्रायः सबै पालिकाले डिजिटल नागरिक वडापत्र जारी गरेका छन् । प्रायः सबैले वडा कार्यालयबाट नै सेवा प्रवाह गरेका छन् । केही पालिकाले प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचना पाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन् । केही पालिकाले डिजिटल सूचना पाटी राखेका छन् भने केहीले आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन् । केही पालिकाले अत्याधुनिक कार्यालय भवन निर्माण गरेका छन् भने केहीले सबै वडामा पनि सुविधा सम्पन्न भवन निर्माण गरेका छन् ।

केही पालिकाले अनलाइन सेवा दिएका छन् भने केही पालिकाले आफ्ना नागरिकको दुर्घटना बीमा गरेका छन् । केहीले डिजिटल पालिका घोषणा गरेका छन् भने केहीले कागजरहित पालिका बनाएका छन् । केहीले आफूलाई बेरुजुरहित पालिका घोषणा गरेका छन् भने कतिपयले चैत्रभित्रै सबै पूँजीगत बजेट खर्च गर्न सक्ने पालिकाको हैसियत प्रर्दशन गरेका छन् । कैयौ पालिकाले आफ्नो सेवालाई मोबाइल एपमा जोडेका छन् भने कैयौंले अनलाइन सेवा प्रदान गरेका छन् । केही पालिकाले बिहान-बेलुकी पनि सेवा दिएका छन् भने केहीले घरघरमै सेवा प्रवाह गरेका छन् ।

**महिला विकास**

हाल केही स्थानीय तहहरुले अविवाहित महिलालाई पनि बृद्ध भत्ता सरह मासिक रकम दिने घोषणा गरेका छन् भने केहीले धुँवारहित चुल्हो वितरण गरेका छन् । केही पालिकाले गर्भवतीलाई विभिन्न सेवा, सुविधा, भत्ता दिन थालेका छन् भने केहीले प्रसुती भत्ता, प्रसुती कोशेली र बच्चालाई उपहार दिने कार्यक्रम संचालनमा ल्याएका छन् । केही पालिकाले छोरी जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले सुत्केरीलाई ३५ दिनभित्र भेटी बच्चाको जन्म दर्ता प्रमाणपत्र दिनुका साथै चिकित्सक सेवा पनि उपलब्ध गराएका छन् । केही पालिकाले विदूर भत्ता पनि आरम्भ गरेका छन् ।

**ज्येष्ठ नागरिक**

केही पालिकाले ज्येष्ठ नागरिकलाई थर्मस, सिरक, ज्याकेट बाँडेका छन् भने केहीले सम्मान पत्र दिएका छन् । यसैगरी केही पालिकाले ज्येष्ठ नागरिकलाई निःशुल्क यातायातको परिचयपत्र दिएका छन् भने केहीले जेष्ठ नागरिक परिचय पत्र वितरण गरेका छन् । केहीले ज्येष्ठ नागरिकलाई उपचार खर्च दिएका छन् भने केहीले धार्मिक पर्यटनमा लगेका छन् । केहीले वृद्धाश्रम, चौतारो निर्माण गरेका छन् भने केहीले आरोग्य आश्रम बनाएका छन् । केही पालिकाले ज्येष्ठ नागरिकलाई मासिक एक हजार भत्ता थपिदिएका छन् भने केहीले मल्टी भिटामिन वितरण गरेका छन् ।

**वातावरण सुधार**

केही पालिकाहरु फोहोरलाई मोहर बनाउन एकजुट भएका छन् भने केहीले सार्वजनिक स्थानमा बटुवाका लागि डष्टबिनको व्यवस्था गरेका छन् । केहीले पालिकावासीसँग फोहोर खरिद गर्न थालेका छन् भने केहीले कुहिने र नकुहिने फोहरको वर्गीकरण आरम्भ गरेका छन् । केही पालिकाले फोहोरबाट अर्गानिक मल बनाउन थालेका छन् भने केहीले फोहोरलाई रिसाइकल गर्ने प्रयास गरिरहेका छन् ।

यसैगरी, केही पालिकाले सार्वजनिक शौचालय निर्माण र सञ्चालनमा विशेष प्रविधि अपनाएका छन् भने केहीले सिक्का खसालेर पानी पिउन मिल्ने प्रबन्ध गरेका छन् । केहीले विपद् सूचना व्यवस्थापन प्रणाली शुरु गरेका छन् भने केहीले सरसफाइ महाअभियान शुरु गरेका छन् । केही पालिकाले सडकको दुबै किनारामा विरुवा रोपेर हरियाली पालिका घोषणा गरेका छन् भने केहीले पालिकाभित्र प्लाष्टिकको झोला प्रयोग निषेध गर्न कपडाको झोला वितरण गरेका छन् ।

**रोजगारी व्यवस्थापन**

रोजगारीको अवसर जुटाउन केही पालिकाले युवा दस्ता खडा

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# रोकिएन महिला माथिको शृङ्खलाबद्ध हिंसा

**कालिका खड्का**

काठमाडौं, २१ मङ्सिर (रासस)। विश्वसूचना, प्रविधि र विकासले तीव्ररुपमा अघि बढिरहेको अवस्थामा नेपालमा माहिलामाथि दुर्व्यवहार, आर्थिक, सामाजिक, मानसिक, सांस्कृतिक यातना, हिंसा, हत्यामा अझै कमी आउन सकेको छैन। समाजमा यस्ता थुप्रै घटनाहरु भएका छन्। त्यसको थोरै मात्र सार्वजनिक हुने गर्दछन्।

गत असार २२ गते सर्लाहीको हरिवन नगरपालिकामा भएको घटनालाई पनि लिन सकिन्छ। नगरपालिकाको वडा नं ५ घुर्कौली टोल बस्ने ३५ वर्षीय राम भरोश भन्ने अर्जुन महतोले खुकुरी प्रहार गरी २८ वर्षीया श्रीमती नैनकुमारी महतोलाई खुकुरी प्रहार गरी हत्या गरेका थिए। सामान्य घरायसी झगडाको कारण नैनकुमारीलाई घाँटीमा खुकुरी प्रहार गर्दा मृत्यु भएको भन्ने प्रहरीलेको अनुसन्धानले देखाएको छ।

त्यस्तै गत साउन १० गते बारामा सम्पत्तिको लोभमा ३१ वर्षीय महम्मद अमिनुल्लाले २२ वर्षीय श्रीमती आसमिन खातुनको छुरीले घाँटी रेटी हत्या गरेका थिए। सिम्रौनगढ नगरपालिका-६ बजारमा ससुरा जाहिर मियाँको घरमा तीन बच्चा, श्रीमतीसहित बस्दै आएको भएका थिए। पटक-पटक ससुरालीमा रहेको सम्पत्ति बिक्री गरी भारतमा जान दवाब दिँदै आएको तर श्रीमती भारत जान नमानेपछि भै झगडाकै कारण हत्या गरेको प्रहरीको अध्ययनले देखाएको छ।

गत साउन २० गते कञ्चपुरमा ३४ वर्षीय प्रेमबहादुर बुढा क्षेत्रीले २२ वर्षीया श्रीमती द्रोपती बुढा क्षेत्रीलाई चक्कु प्रहार गरेर हत्या गरे। दोधारा चाँदनी नगरपालिका-७ को कञ्जभोजमा बस्ने उनीहरुबीच पारिवारिक कलहकै कारण हत्या भएको प्रहरीको अनुसन्धान प्रतिवेदनमा छ। यही मङ्सिर १८ गते सोमबार पनि धादिङ धुनिबेशी नगरपालिका-४ जीवनपुरमा बस्ने २७ वर्षीय रामचन्द्र बयलकोटीले २० वर्षीय श्रीमती पवित्रा बयलकोटीको धारिलो हतियार प्रयोग गरी हत्या गरेको घटना सार्वजनिक भएको छ। नैनकुमारी, आसमिन, द्रोपती र पवित्रा को हत्या भएको प्रतिनिधिमूलक घटना मात्रै हुन्।

दैनिकजसो महिलामाथि कुटपिट, हिंसा, बलात्कार, विभिन्न खालका यातना अझै पनि सहनुपरेको अवस्था छ। महिलामाथि हुने हिंसाविरुद्ध संसारभर अहिले महिला हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ। तर महिलाले अकालमै ज्यान गुमाउने र बलात्कार जस्तो जघन्य अपराधमा परेर शारीरिक र मानसिक तनाव भोल्नुपरेको छ। प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो समयमा महिला र बालबालिकासम्बन्धी हिंसाको घटना डरलाग्दो तरिकाले बढ्दै गएको छ। आर्थिक वर्ष २०७४/७५ मा तीन हजार दुई सय ५५ घटना भएकामा आव २०७५/७६ मा चार हजार चारसय २३ छ। आव २०७७/७८ मा चार हजार सात सय पाँच छ। आव २०७८/७९ मा चार हजार चार सय २७ भएका छन्।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीका अनुसार महिला हिंसाका घटना सार्वजनिक हुने क्रम बढ्नुमा हिंसा सहनु हुँदैन भन्ने सोचमा वृद्धि भएको र सूचना प्रविधिको विकासले सामाजिक सञ्जालमार्फत साइबर अपराध पनि बढ्दै जानु मुख्य रहेको छ। "सूचना प्रविधिको विकाससँगै हिंसाका नयाँ रुप फेरिएको छ र घटना बढ्दै पनि गएको छ", उहाँले भन्नुभयो, "अहिलेसम्म पनि महिला हिंसाको कमी आउन सकेको छैन तर सकारात्मक पक्ष के छ भने हिंसा सहनु हुँदैन भन्ने चेतना आएको छ, न्यायका लागि हिंसाविरुद्ध आवाज उठाउनुपर्छ भन्ने चेतना आउनु महत्वपूर्ण पक्ष हो।"

महिलाविरुद्धका हिंसा र महिलामाथि हुने घरेलु हिंसासम्बन्धी विषयमा उजुरी लिने एक महत्वपूर्ण निकाय रहेको आयोगको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा कुल नौ सय दुई उजुरी दर्ता भएको देखिन्छ। यसमध्ये आठ सय १८ उजुरी घरेलु हिंसासँग सम्बन्धित छन् भने ८४ उजुरी महिला हिंसासँग सम्बन्धित रहेका छन्। आव २०८०/८१ को कात्तिक मसान्तसम्म कूल दुई सय दुई उजुरी दर्ता भएकामध्ये एक सय ८९ उजुरी घरेलु हिंसासँग सम्बन्धित छन् भने १३ उजुरी महिला हिंसासँग सम्बन्धित छन्।

लैङ्गिक हिंसा दैनिक बढ्न, श्रीमानले श्रीमतीकै हत्या गर्नुको मुख्य कारण पारिवारिक आर्थिक सङ्कट र मदिरापानका कारण भएको मनोविद् पद्मप्रसाद घिमिरेको ठहर छ। "मुलुकमा विभिन्न कारण आर्थिक सङ्कट हुँदै गएको छ, अभाव हुनु पनि परिवारको कलहको मुख्य विषय हो", मनोविद् घिमिरेले भन्नुभयो, "मदिरापान समाजमा व्याप्त छ, परिवारको मूली नै मदिरापानमा संलग्न भएपछि झगडाको जड नै त्यही हो।" उहाँका अनुसार परिवारमा आर्थिक अवस्था कमजोर भएपछि हिंसा, हत्या, कुटपिट, झगडा हत्या र आत्महत्या हुने गरेको छ। "महिलाले आफ्नो पीडा अरुलाई व्यक्त गरेर कम गर्दछन्, पुरुषले आफ्नो पीडा आफैंभित्र दबाउँछन्", उहाँले थप्नुभयो, "पछिल्लो समयमा बालिकामाथि पनि हिंसा र आत्महत्याका घटना बढी देखिन लागेको छ।" मनोविद् घिमिरेका अनुसार हिंसाको ८० प्रतिशत कारण आथिक नै हुने गरेको छ। यस्ता घटना न्यूनीकरणका लागि पारिवारिक एकता, सहसीलताको भावनाको विकास, घर र विद्यालय दुवैमा नैतिक शिक्षा दिनुपर्ने उहाँको भनाइ छ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ। यसमा भनिएको छ, 'महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।'

मौलिक हकअन्तर्गत नै धारा २१ मा अपराध पीडितको हकसम्बन्धी व्यवस्था छ। 'अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ, अपराध पीडितलाई कानुनबमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ', भनी व्यवस्था गरिएको छ। घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा पनि महिला हिंसा रोकथामका लागि व्यवस्था गरिएको छ। भएका कानुनको पूर्णरूपमा कार्यान्वयन हुन नसक्दा बिहीबार पनि महिला विभिन्न हिंसाको सिकार भइरहेका छन्।

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान मनाउने गरिएको छ। सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसाविरुद्धको दिवस मनाउदै आएको भए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसङ्घले यसको अनुमोदन गरेपछि महिलामाथि हुने हिंसाविरुद्धको विभिन्न अभियानहरु शुरु भएको इतिहास रहेको छ।

नेपाल सरकारले हरेक वर्ष नोभेम्बर २५ तारिखमा महिला हिंसा विरुद्धको राष्ट्रिय अभियान दिवसका रुपमा मनाउने निर्णय गरेको छ। यसवर्ष 'महिला र बालबालिकाहरु माथि हुने हिंसा निवारण गर्न ऐक्यबद्धता होऔं र लगानी गरौं' भन्ने अन्तर्राष्ट्रिय नाराका साथ मनाउन लागिएको यस अभियानलाई मनाउने सन्दर्भमा नेपालमा पनि 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता: महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ देशव्यापीरुपमा हिंसा अन्त्य गर्ने अभियानको लागि आह्वान गरिएको छ।

मानव अधिकार र महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र दस्तावेजहरू विशेष गरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, र महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ को नेपाल पक्ष राष्ट्र हो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यका अनुसार अन्तरराष्ट्रिय प्रतिबद्धताले सिर्जना गरेको दायित्वलाई कार्यान्वयन गर्ने सम्बन्धमा संविधान लगायत महिला केन्द्रित नीति, कानुन, योजना, संरचना तथा कार्यक्रम निर्माण भइरहेको छ। "अन्तराष्ट्रिय प्रतिवद्धता र नेपालको कानुनबमोजिम स्रोत र साधनको

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### जापानका प्रधानमन्त्री किशिदाले सत्तारुढ दलको नेताबाट राजीनामा दिने

टोकियो, २१ मङ्सिर (रासस/सिन्ह्वा)। जापानका प्रधानमन्त्री फुमियो किशिदाले सत्तारुढ लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) मा रहेको आफ्नो पार्टी प्रमुखको पदबाट राजिनामा दिने घोषणा गर्नु भएको छ। राष्ट्रिय समाचार एजेन्सी क्योडोका अनुसार किशिदाले पार्टीको चौथो ठूलो गुट कोचीकाईको नेताको रूपमा आफ्नो राजीनामा घोषणा गर्ने तयारी गर्नु भएको हो। यस अघिका प्रधानमन्त्रीहरूले पदमा रहँदा आफ्नो गुट (समूह)को नेताबाट रताजीनामा दिने अभ्यास रहे तापनि किशिदा भने, सन् २०२१ अक्टोबरमा प्रधानमन्त्रीको पदभार ग्रहण गर्नु भएको भए तापनि गुटको नेताको रूपमा अझै सक्रिय हुनुहुन्छ।

### जलवायु परिवर्तनका कारण बङ्गलादेशमा बालविवाहमा ३९ प्रतिशत वृद्धि

ढाका, २१ मङ्सिर (रासस/सिन्ह्वा)। अन्तरराष्ट्रिय उद्धार समिति (आईआरसी)ले बुधबार सार्वजनिक गरेको अध्ययनले बङ्गलादेशमा बालविवाहमा ३९ प्रतिशतले बृद्धि भएको खुलासा गरेको छ। अत्यधिक प्रकोप-प्रवण र जलवायु-संवेदनशील तटीय क्षेत्रहरूमा हुने गरेका बालविवाहमा ३९ प्रतिशतले बृद्धि भएको तथ्याङ्क देखिएको छ। बङ्गलादेशका थुप्रै तटीय समुदायमा जलवायु परिवर्तनको प्रभावमा जबरजस्ती बसाइँसराइ, चरम गरिबी, बढ्दो लैङ्गिक हिंसा, शिक्षामा सीमित पहुँच र खाद्य सुरक्षा चुनौतीलगायतका कारणले बालविवाह गर्न बाध्यता सृजना भएको आईआरसीले उल्लेख गरेको छ।

अध्ययनले विगत दुई दशकमा बाढी र चक्रवातजस्ता प्रकोपमा भएको बृद्धि पनि बढ्दो बालविवाहको एक प्रमुख कारण मानेको छ। यस्ता विभिन्न किसिमका कारणहरू सृजित समस्याहरूलाई सम्बोधन गर्न आईआरसीले विकसित स्थितिको मूल्याङ्कन गरिरहेको र जलवायु परिवर्तन र जलवायु-प्रेरित प्रकोपहरूबाट बालबालिकालाई हुन सक्ने प्रत्यक्ष क्षतिबाट जोगाउन उपलब्ध स्रोतसमेत परिचालन गरिरहेको बताएको छ। आईआरसी बङ्गलादेशकी निर्देशक हसिना रहमानले भन्नु भएको छ, बिहीबार बङ्गलादेशमा विहाह योग्य उमेर हुँदै गरेका आधा केटीहरूको १८ वर्ष नपुग्दै विवाह हुने गरेको पाइएको छ भने, २२ प्रतिशत केटीहरूको १५ वर्षको उमेर अघि नै विवाह हुने गरेको पाइएको छ। "यद्यपि, खाद्य असुरक्षा र गरिबी, अनियमित वर्षाको ढाँचा, बढ्दो तापक्रम, र बढ्दो आवृत्ति र प्रकोपहरूको तीव्रताको सामना गरिरहेका तटीय क्षेत्रहरूमा बस्ने केटीहरूको लागि यो अवस्था झन बढी अस्थिर र दर्दनाक छ," निर्देशकले भन्नुभएको छ। यसैबीच आईआरसीले जलवायु परिवर्तन सृजित समस्याहरूलाई सम्बोधन गर्न दिगो कोष स्थापना गर्न र यस जटिल सङ्टलाई सम्बोधन गर्न सरकार, दाता र गैरसरकारी संस्थाहरूबाट तत्काल सहयोगको लागि आह्वानसमेत गरेको छ।

### दुर्घटनापछि अमेरिकी सेनाले ओस्प्रे विमानको सम्पूर्ण फ्लीटलाई ग्राउन्ड गर्दै

वासिङ्टन, २१ मङ्सिर (रासस/सिन्ह्वा)। अमेरिकी सेनाले बुधबार आफ्नो भी-२२ ओस्प्रे विमानको सम्पूर्ण फ्लीटलाई ग्राउन्डिङ गरिरहेको छ। वायुसेनाको सो विमान जापानको तटमा दुर्घटनाग्रस्त हुँदा त्यसमा रहेका आठ अमेरिकी सेनाको मृत्यु भएको एक हप्तापछि अमेरिकाले फ्लीटलाई ग्राउन्डिङ गर्न लागेको हो। युएस एयर फोर्स स्पेशल अपरेशन कमाण्डले विज्ञप्ति जारी गर्दै यसका कमाण्डर टोनी बाउनफेन्डले नोभेम्बर २९ को तटमा सी भी-२२ ओस्प्रेको दुर्घटना बारे "अनुसन्धान जारी रहँदा जोखिम न्यूनीकरण गर्न" स्ट्यान्डडाउनको निर्देशन दिइएको जनाएको छ। गत हप्ता सो विमानमा सवार आठ जना चालक दलका सदस्यहरू दक्षिणी जापानको याकुशिमा टापुमा मारिएका थिए। मारिने ती सबै एएफएसओसीका सैनिक थिए। विज्ञप्तिमा भनिएको छ, प्रारम्भिक अनुसन्धानले सम्भावित उपलब्ध सामग्रीको विफलताले दुर्घटना निम्तिएको जनाएको छ। यस बारे वास्तविक कारण अझै पत्ता लागेको छैन।

### अमेरिकाको टेक्सासमा आमाबुवाको हत्या गर्ने अभियुक्त पक्राउ

ह्युस्टन, २१ मङ्सिर (रासस/सिन्ह्वा)। अमेरिकाको टेक्सास राज्यमा एकजना संदिग्ध व्यक्तिलाई आफ्ना बाबुआमा र अन्य चार व्यक्तिको हत्या गरेको आरोपमा पक्राउ गरिएको छ। चौतिस वर्षीय शेन जेम्स जुनियर नामका ती व्यक्तिले सोमबार राति १०:०० बजेतिर क्यालिबर ह्यान्डगनले आफ्ना आमाबुबालाई गोली हानेको आशङ्का गरिएको छ। जेम्सलाई मानसिक स्वास्थ्य समस्या रहेको र घरेलु हिंसाको घटना पछि सेनाबाट हटाइएको जनाकारीमा आएको छ। मङ्गलबार सान एन्टोनियोबाट करिब ८० माइल (१२९ किलोमिटर) टाढा अस्टिनका विभिन्न स्थानमा अन्य चार जना व्यक्तिको हत्यामा पनि उनको संलग्नता रहेको प्रहरीले जनाएको छ। अस्टिन प्रहरी प्रमुख रोबिन हेन्डरसनले बुधबार पत्रकारलाई बताए अनुसार पक्राउ गर्ने क्रममा अभियुक्तले प्रहरीमाथि पनि गोली चलाएका थिए।

## स्थानीय ...

गरेका छन् भने केहीले युवा कार्यदल खडा गरेका छन्। यसैगरी, केहीले रोजगार कार्यक्रम घोषणा र केहीले युवा इलम कार्यक्रम घोषणा गरेका छन्। केही पालिकाले बेरोजगारमुक्त अभियान सञ्चालन गरेका छन् भने केहीले श्रम बैंक शुरु गरेका छन्। यसैगरी, केही पालिकाले वैदेशिक रोजगारीमा जानेलाई ऋण दिएका छन् भने केहीले श्रम स्वीकृति जारी गर्ने काम आरम्भ गरेका छन्।

**बालबालिकाको विकास**

केही पालिकाले बालमैत्री सुशासनमा उत्कृष्ट स्थान हासिल गरेका छन् भने केहीले बालबालिकालाई एक घण्टाको गाउँपालिका अध्यक्ष वा नगर पालिकाको प्रमुख हुने अवसर दिएका छन्। केहीले बालश्रमिकलाई घर फर्काएका छन् भने केहीले बालगृह स्थापना गरेका छन्। केही पालिकाले अनाथ बालकालिकालाई मासिक भत्ता दिन थालेका छन् भने केहीले अनाथको जिम्मा लिएका छन्। केही पालिकाले बाल हित कोष खडा गरेका छन् भने केही पालिकाले बालअधिकारको बहस आरम्भ गरेका छन्।

**रचनात्मक कार्यहरु**

केही पालिकाले सडक मानवरहित पालिका घोषणा गरेका छन् भने केहीले खरको छानामुक्त पालिका घोषणा गरेका छन्। केहीले खाद्यान्नको राशन कार्ड वितरण गरेका छन् भने केहीले एफएम र साप्ताहिक पत्रिका प्रकाशन आरम्भ गरेका छन्। केहीले पालिकाको स्वरुप नै फेर्ने गुरुयोजना लागू गरेका छन् भने केहीले व्यावसायिक बसपार्क निर्माण गरेका छन्।

यसैगरी, केही पालिकाले सबै वडामा हेलिप्याड निर्माण गरेका छन् भने केहीले डिजिटल नक्सा पास आरम्भ गरेका छन्। केहीले प्रत्येक वर्ष प्रत्येक वडामा गरिबका लागि एक/एक घर निर्माण गर्ने अभियान आरम्भ गरेका छन् भने केहीले स्थानीय जडिबुटी सङ्कलन, प्रशोधन गरी आयुर्वेदिक औषधि उत्पादन गर्ने काम आरम्भ गरेका छन्। केही पालिकाले एकीकृत घुम्ती सेवा सञ्चालन गरेका छन् भने केहीले आफूलाई नमूना पालिका घोषणा गरेका छन्।

केही पालिकाले आफ्नो लोगो र गान सार्वजनिक गरेका छन् भने केहीले लैंगिक हिंसा निवारण कोष खडा गरेका छन्। केहीले बाल विवाह रोक्न विवाहमा पालिकाको अनुमति अनिवार्य गरेका छन् भने केहीले छोरी आत्मरक्षा र छोरी सुरक्षा कार्यक्रम लागू गरेका छन्। केही पालिकाले मदिरा र सुर्तीको बिक्री निषेध गरेका छन् भने केहीले कृषकले उपयोग गरेको विद्युत्को महशुल तिरी दिएका छन्।

यस अतिरिक्त, केही पालिकाले कोशेली घर सञ्चालन गरेका छन् भने केहीले लगानी सम्मेलन गरेका छन्। केही पालिकाले लोक सेवा आयोगको परीक्षाको तयारी कक्षा सञ्चालन गरेका छन् भने केहीले शिक्षक सेवा आयोगको परीक्षाको कक्षा सञ्चालन गरेका छन्। केही पालिकाले टोलटोलमै योजना सम्भौता गर्न थालेका छन् भने केहीले घुम्ती न्यायिक सेवा सञ्चालन गरेका छन्। केही पालिकाले 'वाइफाई फ्री' जोनहरु बनाएका छन् भने केहीले युवाहरुलाई राजनीतिक अभ्यासको तालीम आरम्भ गरेका छन्।

केही पालिकाले भ्रमण वर्ष घोषणा गरेका छन् भने केहीले पदयात्राका लागि आह्वान गरेका छन्। केहीले फुटपाथ खाली गराएका छन् भने केहीले इण्डक्सन चुल्हो बाँडेका छन्। केहीले पालिका तारा घोषणा गरेका छन् भने केहीले किसानलाई क्रेडिट कार्ड दिएका छन्। यसरी मुलुकभित्रका ७५३ वटा पालिकाहरुले राम्रा असल अभ्यास आरम्भ गरेका छन्। *(लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)*

# एनसेल खरिद-बिक्रीबारे १५ दिनभित्र यथार्थ जानकारी दिन अर्थ समितिको निर्देशन

काठमाडौं, २१ मङ्सिर (रासस) । दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर स्वामित्व खरिदबिक्री भएको विषयमा यथार्थ जानकारीसहित विवरण १५ दिनभित्र पेश गर्न सङ्घीय संसद्अन्तर्गतको अर्थ समितिले नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ ।

समितिले बुधबार यस विषयमा प्राधिकरणलाई छलफलका लागि बोलाएर जानकारी लिएको थियो । प्राधिकरणसँगको छलफलपछि समितिले एनसेल खरिदबिक्रीको वास्तविकतासहितको सम्पूर्ण विवरण १५ दिनभित्र लिखित रुपमा पेश गर्न निर्देशन दिइएको सभापति सन्तोष चालिसेले जानकारी दिनुभयो ।

"बुधबारको छलफलका क्रममा उठेका विषय र एनसेलको स्वामित्व खरिदबिक्रीका सन्दर्भमा विस्तृत अध्ययनसहित जानकारी पेश गर्न निर्देशन दिने निर्णय भएको छ", सभापति चालिसेले भन्नुभयो ।

समितिको बुधबारको बैठकमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले एनसेल आजियटा लिमिटेडले शेयर खरिदबिक्रीसम्बन्धी कागजात सङ्कलनको क्रममा रहेकाले चाँडै त्यसबारे जानकारी गराउने पत्र प्राप्त भएको उपलब्ध भएको थियो । यो कारोबार शङ्कास्पद देखिएकाले प्राधिकरणले सूक्ष्मरूपमा अध्ययन थालिसकेको पनि अध्यक्ष खनालको भनाइ छ ।

"शेयर खरिदबिक्रीबारे जानकारी मागसहित प्राधिकरणले एनसेललाई यही मङ्सिर १५ गते पत्राचार गरेकामा मङ्सिर १९ गते त्यसको जवाफ प्राप्त भएको छ । उसले अहिले शेयर खरिदबिक्रीसँग सम्बन्धित कागजात सङ्कलनका क्रममा रहेको र नेपालको विद्यमान कानूनी प्रावधान भित्र रहेरै त्यसबारे सम्बन्धित निकायलाई जाकारी दिने तयारी भइरहेको बताएको छ", अध्यक्ष खनालले अर्थ समितिको बैठकमा भन्नुभएको छ ।

मलेसियन कम्पनी 'आजियटा ग्रुप बर्हाड'ले गत शुक्रबार एनसेलको ८० प्रतिशत शेयर स्वामित्व अर्को कम्पनी 'स्पेक्ट्राइट युके लिमिटेड'लाई बेच्ने निर्णय गरेपछि यो व्यावसायिक कारोबारको कानूनी प्रक्रियाको वैधता र आर्थिक पारदर्शितामाथि प्रश्न उठिरहेका छन् । सार्वजनिकस्तरबाट चर्को विरोधसमेत भएपछि संसदीय समितिहरूले पनि यसमा चासो दिएका हुन् । बुधबारै सार्वजनिक लेखा समितिमा पनि एनसेल शेयर खरिदबिक्री प्रकरणबारे छलफल भएको छ ।

# एक करोड केजी चिया गोदाममा थन्कियो

झापा, २१ मङ्सिर (रासस) । कोशी प्रदेशका चिया किसानले उत्पादन गरेको तयारी चिया बिक्री नहुँदा समस्या भएको छ । छ महिनादेखि उद्योगमा तयारी अवस्थामा रहेको करिब एक करोड केजी चिया गोदाममै थन्किएको चिया व्यवसायीले बताएका छन् ।

इलाम र झापाका व्यवसायीका अनुसार करिब ५१ लाख केजी अर्थोडक्स चिया र ५० लाख केजीभन्दा बढी सिटिसी चिया उद्योगका गोदाममा थन्किएको छ । भारतले समयमै चियाको मूल्य निर्धारण नगरिदिँदा र अन्तर्राष्ट्रिय बजारसम्म पहुँच नहुँदा यति ठूलो मात्रामा चिया गोदामै थन्किएको उनीहरूको गुनासो छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले बुधबार बिर्तामोडमा आयोजना गरेको स्थानीय, प्रदेश सरकार एवं सरोकारवाला संलग्न चियासम्बन्धी अन्तर्क्रिया कार्यक्रममा चिया व्यवसायीले सरकारले चिया उद्यमीका समस्यामा उचित ध्यान नदिँदा समस्या आएको गुनासो गरेका हुन् ।

झापाका चिया उद्योगी जेपी शर्माले १३ वटा उद्योगले उत्पादन गरेको करिब ५० देखि ६० लाख केजी सीटिसी चिया असोजदेखि गोदामै थन्किएको बताउनुभयो । उहाँले चिया बिक्री नहुँदा मजदूरलाई समयमै पारिश्रमिक दिन नसकेको बताउनुभयो । उहाँले चिया उद्योगी व्यवसायीको संरक्षणमा सरकार उदासिन देखिएको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "सरकारले अक्सन सेन्टर मात्र स्थापना गरिदिए पनि हाम्रो चिया ब्रोकरमार्फत विश्व बजारसम्म पुग्थ्यो । यस्तो समस्या हुने थिएन ।"

यसैगरी, ग्रीनहिल टि-इण्डस्ट्रिज इलामका प्रबन्धक गोपाल दाहालले कोशीका एक सय ७० वटा साना ठूला उद्योगले उत्पादन गरेको अर्थोडक्स चिया बिक्री नभएको बताउनुभयो । उहाँका अनुसार हाल प्रत्येक उद्योगका गोदाममा ३० हजार केजीका दरले तयारी चिया थन्किएको छ ।

चिया तथा कफी विकास बोर्डका प्रवक्ता दीपक खनालले नेपालमा सिटिसी चियाको ५० प्रतिशत खपत हुने र बाँकी भारत निर्यात हुने गरेको बताउनुभयो । उहाँले सिटिसी चिया आधा खपत हुने मुलुकमा अर्थोडक्स चिया भने १० प्रतिशत मात्र खपत हुने र ९० प्रतिशत भारतलगायत तेस्रो देश निर्यात हुने गरेको जानकारी दिनुभयो । सिटिसी चियाको तुलनामा अर्थोडक्स चिया महँगो हुने हुँदा मुलुकमा कम खपत हुने गरेको उहाँको भनाइ छ ।

चिया व्यवसायी रामचन्द्र उप्रेतीले चियाको गुणस्तर मापन गर्न सरकारले क्वाटिली टि टेस्टर स्थापना गर्ने, नेपालमा उत्पादित चियाको गुणस्तरबारे जानकारी गराउन सूचना केन्द्र स्थापना गर्नसके तेस्रो मुलुक चिया निर्यातमा सहज हुने बताउनुभयो ।

# सर्वोच्च अदालतका लागि सिफारिस न्यायाधीशविरुद्ध दश उजुरी

काठमाडौं, २१ मङ्सिर (रासस) । सर्वोच्च अदालतमा सिफारिस भएका न्यायाधीशविरुद्ध संसदीय सुनुवाइ समितिमा १० वटा उजुरी परेका छन् । समितिका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराको अध्यक्षतामा बिहीबार सिंहदरबारमा बसेको बैठकमा उजुरी खोल्दा १० वटा परेको पाइएको हो ।

सर्वोच्च अदालतका लागि सिफारिस भएका न्यायाधीशमा सारङ्गा सुवेदीका नाममा छ, टेकप्रसाद ढुङ्गानाका नाममा तीन र अब्दुल अजिज मुसलमानका नाममा एउटा उजुरी परेको समितिका सभापति जबराले जानकारी दिनुभयो । उहाँका अनुसार सिफारिस भएका न्यायाधीशमा महेश शर्मा पौड्याल, सुनिल पोखरेल र बालकृष्ण ढकालको नाममा कुनै पनि उजुरी परेको छैन ।

समितिका सदस्यहरुले उजुरीउपर र कार्ययोजनाको विषयमा विस्तृतरुपमा अध्ययन गर्नुपर्ने भएकाले केही दिन समय दिनुपर्ने माग गरेपछि अध्ययन समितिले सिफारिस भएका न्यायाधीशहरुको सुनुवाइका लागि यही मङ्सिर २७ गते उजुरीकर्तासँग छलफल गर्ने कार्यक्रम तय गरेको छ । त्यस्तै, बिहीबारको बैठकमा सुनुवाइका लागि मङ्सिर २९, आगामी पुस १ र २ गते दुई/दुई जनाको गर्ने निर्णय भएको हो ।

न्यायपरिषद्ले सर्वोच्च अदालतमा रिक्त न्यायाधीश नियुक्तिका लागि यही मङ्सिर ५ गते छ जनाको नाम सिफारिस गरेको थियो ।

# मधेस प्रदेशसभामा संविधानप्रदत्त अधिकारका लागि सङ्कल्प प्रस्ताव पारित

जनकपुरधाम, २१ मङ्सिर (रासस) । मधेस प्रदेशसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रन्त्रात्मक व्यवस्थालाई बलियो बनाउन संविधानको अनुसूचीमा रहेका अधिकार सङ्घीय सरकारबाट प्राप्तिका लागि यथाशीघ्र पहल गर्न निर्देशन दिइयोस् भनेर पेश भएको सङ्कल्प प्रस्ताव सर्वसम्मतिले पारित भएको छ ।

बुधबारको प्रदेशसभा बैठकमा नेकपा (एमाले)का तर्फबाट सो पार्टीको संसदीय दलका प्रमुख सचेतक हरिनारायण महतोले सो प्रस्ताव सभासमक्ष पेश गर्नुभएको थियो । बैठकको अध्यक्षता गर्नुभएका उपसभामुख बबिता राउत ईशरले सो प्रस्ताव निर्णयार्थ पेश गर्दा ध्वनि मतका आधारमा सर्वसम्मतिले पारित भएको प्रदेशसभामा घोषणा गर्नुभयो ।

त्यसअघि सो प्रस्तावमा नेपाली कांग्रेसका कुमरकान्त झा, जीवछी कुमारी यादव, जनता समाजवादी पार्टी (जसपा) का रामआशीष यादव, सरोजकुमार सिंह, जनमत पार्टीका सञ्जयकुमार यादव, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका रानी शर्मा तिवारी, नेकपा (एकीकृत समाजवादी) का रत्नेश्वर गोइत, नेकपा (माओवादी केन्द्र) का माला कर्ण, नेकपा (एमाले) का राजकुमार लेखी र स्वतन्त्र प्रदेशसभा सदस्य अनिरुद्धप्रसाद सिंहसहितले समर्थन जनाउनुभएको थियो ।

त्यसैगरी सङ्कल्प प्रस्तावका विषयमा धारणा राख्दै मुख्यमन्त्री सरोजकुमार यादवले संविधानले प्रदान गरेको संवैधानिक अधिकार प्राप्त नहुँदा सङ्घीयताको पूर्ण कार्यान्वयनमा समस्या सिर्जना भइरहेको बताउनुभयो । त्यसैकारण सङ्घीयता र गणतन्त्र विरोधी आवाज उठिरहेको उहाँले बताउनुभयो ।

मुख्यमन्त्री यादवले सङ्घीयता आएको आठ वर्ष र प्रदेश सरकार गठन भएको छ वर्ष बितिसक्दा पनि जनताले त्यसको अनुभूति गर्न नसकेको र प्रदेश सरकारसँग आफ्नो प्रहरी प्रशासन तथा निजामती कर्मचारी नभएकाले प्रभाकारी काम गर्न नसकिएको गुनासो गर्नुभयो । प्रदेशसभाको बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको छ ।

### जसपा सप्तरीको...

मुख्य सचिव दिनेश कुमार यादवद्वारा जारि विज्ञप्तिमा औचित्यहीन, हल्ला फिजाईएका कथित समानान्तर समितिको गतिविधीमा नलाग्न सबै नेता कार्यकर्ताहरु आग्रह गरिएको छ । सोही विज्ञप्तिमा सप्तरी र पर्सा जिल्लामा गुनासो व्यक्त गर्दै आएका नेता कार्यकर्ताहरुको मनोभावना बुझि, विधानको अधिनमा रही पार्टीको काम कर्तव्य गर्न र विधमान समस्याहरुको छलफल गर्न मधेश प्रदेश समितिका अध्यक्षको संयोजकत्वमा कार्यदल गठन गरिएको उल्लेख छ ।

दैनिकसँग कुराकानी गर्दै पार्टीका मधेश प्रदेश मुख्य सचिव यादवले भने, "सप्तरी जिल्लामा गुटउपगुटको राजनीति विधान सम्वत नरहेकोले असन्तुष्ट पक्षहरुको गुनासो सुन्न र बुझ्न प्रदेश अध्यक्षको संयोजकत्वमा समिति गठन भइसकेकोले यो समस्या चाडै नै समाधान हुनेछ ।"

### रोकिएन ...

अधिकतम प्रयोग गरेर महिलाको जीवनस्तरमाथि उठाइ समृद्ध समाज निर्माण गर्न सरकार प्रयासरत छ"-मन्त्री आचार्यले भन्नुभयो, "महिलाको हक अधिकार सुरक्षित गर्दै महिलाविरुद्ध हुने कुनै पनि प्रकारको हिंसा तथा विभेदलाई शून्य सहनशीलताको नीति लिई पूर्णरुपमा अन्त्य गर्न मन्त्रालय प्रतिबद्ध छ ।"

एकल महिला हक अधिकारको संरक्षण, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको पहिचानका लागि समेत अङ्गिकार गरिएका कार्यक्रमहरूमा प्रभावकारिता ल्याउन सङ्घ, प्रदेश र स्थानीय तह समेतमा साझा प्रतिबद्धता, आपसी समन्वय, सहयोग, सहकार्य र साझेदारीका साथ ऐक्यवद्धता जनाउदै मन्त्री आचार्यको भनाइ छ । मन्त्रालयबाट सञ्चालित राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट ग्रामीण विपन्न महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि महिलालाई रोजगार/स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउन वित्तीय पहुँच प्रविधि सहयोग र टेवा पूँजी तथा जीविकोपार्जनमा सहयोग पुन्याउने गरी कार्यक्रमहरू समेत सञ्चालन गर्दै आएको छ ।

महिलामाथि हुने हिंसा मानव अधिकार हननको सवाल हो भन्ने मान्यता स्थापित गर्दै सोहीअनुरुप काम गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र सङ्घलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्ने यो अभियानको उद्देश्य हो । यो अभियानअन्तर्गत समुदायदेखि सबै तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी मनाउने गरिन्छ ।

यसको सन्दर्भ डोमिनिकन गणतन्त्रका मिराबेल परिवारका तीन साहसी दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियाको तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० नोभेम्बर २५ मा गरेको हत्यासँग जोडिएको छ । त्यसैले यसलाई ल्याटिन अमेरिकी देशमा महिला हिंसाविरुद्धको दिवसका रुपमा मनाउन थालिएको हो । यसरी यी तीन दिदी बहिनीहरूको हत्यालाई महिला विरुद्धको हिंसाका रूपमा लिई महिलावादीहरूद्वारा उनीहरूको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गर्दै मनाउने परम्पराको सुरुआत गरिएको हो । पछि सन् १९९९ मा संयुक्त राष्ट्रसङ्घद्वारा यसलाई आत्मसाथ गरी नोभेम्बर २५ को दिनलाई संसारभर नै महिलाविरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवसका रूपमा स्थापित गरियो ।

त्यसैगरी सन् १९९१ मा नै क्यानाडाका युवाले सेतो रिबन बाँधेर यो दिवस 'म हिंसा सहन्न, आफू पनि गर्दिन, र देखेमा प्रतिकार गर्छु' भनी सेतो रिबन अभियान सञ्चालन गरेका थिए । त्यतिबेलादेखि सेतो रिबनलाई लैङ्गिक हिंसाविरुद्ध प्रतिबद्धताको प्रतीकका रुपमा प्रयोग गर्दै आएको पाइन्छ ।

बर्सेनि लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान मनाइरहँदा महिलामाथि हिंसा हुनेक्रम रोकिएको छैन । आफ्नो बाँच्न पाउने अधिकारबाट महिला दिन प्रतिदिन बञ्चित हुँदै गएका छन् । देशमा महिला हिंसाविरुद्धका कानुनहरु छन् तर प्रभावकारीरुपमा कार्यान्वयन हुन नसक्दा एकातिर महिला पीडित भइरहनु परेको छ भने अर्कोतिर पिडकहरु प्रोत्साहित भएका छन् । दण्डहीनताले महिला हिंसामुक्त वातावरणमा बाँच्न पाएका छैनन् ।

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*